## आ.व. २०७५/०७६ को चौथो बैठक

आज **मिति २०७५ साल भाद्र २६ गते मंगलवार** राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष **श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता** र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति, प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम छन ।

### उपस्थिति

अध्यक्षश्री नुमानन्द सुवेदी,राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्षश्री जगदम्वाकुमारी चौधरी ,राप्तीगाउँ कार्यपालिका ।

सदस्यश्री टेकबहादुर कुमाल,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री बेदप्रसादचौधरी,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री बिष्णुबहादुर घर्ति क्षेत्री,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री कुवारी देवीकार्की,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री जगतबहादुर थापा,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री विष्णु गुरुङ्ग,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री ताराबहादुर डि.सी,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री गोकर्णबहादुर रानामगर,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री गोवर्धन रावत,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री विद्याशरण चौधरी,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्रीसुनितामल्ल,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री ताराकुमारी चौधरी,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री चन्दर चौधरी,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्री रिमबहादुर सुनारी मगर,राप्तीगाउँकार्यपालिका ।

सदस्यश्रीसंजिव परियार,राप्तीगाउँकार्यपालिका ।

सदस्य-सचिवश्री जगतप्रसाद भुसाल,राप्तीगाउँकार्यपालिका ।

### आमन्त्रित

१. श्री गिरीधारी प्रसाद पन्त ना.सु.

२. श्री तिर्थराज ज्ञवाली सञ्चार संयोजक

## बैठकका प्रस्तावहरु

१. देउकी कृषि सहकारी संस्थालाई मलखाद र बिउबिजन बिक्री वितरण अनुमती दिने सम्वन्धमा ।

२. मिलाप कृषि सहकारी संस्थाले पेश गरेको कार्यक्रम स्वीकृतसम्वन्धमा ।

३. सिसहनिया स्वास्थ्य चौकीमा सरुवा भई आएका अ.न.मी.हरु सम्वन्धमा ।

४.वडा नं. १ का योजनाका लागि बजेट विनियोजन सम्वन्धमा ।

५. घर नक्सा अभिलेखीकरणसम्वन्धमा ।

६. पाखापानीको विहानी मार्गको बजेट माग सम्वन्धमा ।

७. रेलमार्ग निर्माण सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राप्ती गाउँपालिका क्षेत्रमा कार्यालय स्थापना गरी आफ्नो गतिविधि सञ्चालन गर्दै आईरहेको देउकी कृषि सहकारी संस्थाले सो संस्थाबाट मलखाद र बिउबिजन बिक्री वितरणको लागि गाउँपालिकासँग अनुमती माग गरेकाले सो सहकारी संस्थालाई मलखाद र बिउबिजन बिक्री वितरण गर्ने अनुमतिका लागि सिफारिस दिने निर्णय गरियो ।

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल गर्दा राप्ती गाउँपालिका क्षेत्रमा कार्यालय स्थापना गरी आफ्नो गतिविधि सञ्चालन गर्दै आईरहेको मिलाप कृषि सहकारी संस्थाले गाउँपालिकामा स्वीकृतिका लागि पेश गरेको कार्यक्रममा कम्तीमा ३० प्रतिशत रकम कार्यपालिकाले निर्धारण गरेको सरोकारवालाहरुको जिवनयापन तथा निर्माण कार्यमा लगानी गर्ने गरी संशोधन सहित कार्यान्वयन गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्वास्थ्य सेवा विभागको मिति २०७५/०५/१७ को सरुवामा सिसहनिया स्वास्थ्य चौकीमा रिक्त रहेको १ पदमा ४ जना अ.न.मी.हरुको सरुवा भएको देखिएकोले सरुवाको थप स्पष्टता र एकिनका लागि स्वास्थ्य सेवा विभागमा पत्राचार गरी सरुवाको बारेमा संशोधन पश्चातमात्र सरुवा भई आउने अ.न.मी.लाई हाजिर गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा वडा नं. १ को बगासोतीमा खानेपानी वितरण व्यवस्थाका लागि राप्ती गाउँपालिकाको सम्पुरक कोषमा रहेको रकमबाट रु.५,००,०००।- बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा घर नक्सा अभिलेखीकरण तथा नक्सा पासको कार्यलाई सम्वन्धित वडाले कडाईका साथ अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा राप्ती गाउँपालिका वडा नं. १ पाखापानीको बिहानी मार्ग लगाएतका सडकहरुको निर्माणको लागि केन्द्रबाट ११ करोड ६३ लाख बजेट स्वीकृत भई ठेकेदारद्वारा सडक निर्माण भैरहकोमा हाल ठेकेदारले सो सडकको लागि निकासा भएको बजेट अप्रर्याप्त भएको जानकारी गराई ठेकेदार सम्पर्कमा नरहेको हुँदा आवश्यक बजेट निकासाका लागि सम्वन्धित निकायमा पत्राचार गरीदिन हुन भनी उपभोक्ताहरुले यस गाउँपालिकामा निवेदन दिएकाले उपभोक्ताहरुको माग र निर्णय अनुसार नपुग रकम निकासा गरी ठेक्कामा तोकिए वमोजिमको कार्य सम्पन्न गर्नका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस राप्ती गाउँपालिकाको वडा नं. १ पाखापानीमा रेलमार्गको लागि ३०० मिटर सेडब्याक रहने भन्ने बुझिन आएकोले सोही परिधिभित्र रही सो सर्भे भएको स्थान देखि पूर्व बस्ती नभएको स्थानबाट रेलमार्ग निर्माण हुनुपर्ने भन्ने स्थानीय जनताको माग भएकाले स्थानीय जनताको माग अनुसार रेलमार्ग निर्माण गर्न भौतिक योजना तथा निर्माण मन्त्रालय र रेल विभागमा सिफारिस गर्ने निर्णय गरियो ।